# जंगल, जल र द्वन्द:
# नेपालको सन्दर्भमा गतिशिल परिवर्तन

✍ निरज कट्वाल[1], रुपा चापागाँई[2]

'रुख रोपौ वन जोगाऔं' भन्ने धारणालाई आत्मसाथ गर्दै नेपाल सरकारले तीन दशक अगाडिदेखि नै वनको संरक्षण र व्यवस्थापनमा जोड दिदै आएको छ। वन संरक्षणलाई मध्यनजर राख्दै सरकारद्वारा वन र प्राकृतिक स्रोतसँग सम्बन्धित विभिन्न नीति, नियम र मार्गदर्शनहरु निर्माण,परिमार्जन, तर्जुमा तथा कार्यन्वयन पनि गर्दै आईरहको छ। यसै सन्दर्भमा नेपालको मध्य पहाडी क्षेत्रको अवस्थालाई मुल्याङ्कन गरेर राष्ट्रिय वन योजना २०३३ अर्न्तगत समुदायको सहभागितामा वन व्यवस्थापन गर्नुपर्ने कुरामा सरकारको ध्यानार्कषण भयो। त्यसै अनुरुप वन ऐन २०४९ र नियमावली २०५१ अनुसार उपभोक्ता समूहहरु गठन गरी ती समूहहरु मार्फत वन व्यवस्थापन गर्न देशमा कानुन निर्माण भयो। यसको कार्यन्वयनसँगै नेपालमा छोटो समयमा धेरै सामुदायिक वन उपभोक्ता समूहहरु गठन भए र वन संरक्षण तिव्र गतिमा हुदैं गयो। यसरी देशको उजाड पाखा-पखेरा तथा खाली जग्गाहरु हरियो वनमा परिणत भयो (गौतम तथा साथिहरु, २०५८)। हाल नेपालमा २२,२६६ वटा सामुदायिक वनहरु दर्ता छन् र यो सामुदायिक वन पद्धति अहिले नेपालमा मात्र नभएर विश्वभरी नै उदाहरणीय बनेको (ढकाल,२०७५)।

नेपाल सामुदायिक वनको सफलतासँगै वन अतिक्रमण, वन फडानी तथा वन पैदावार चोरी निकासी न्युनीकरणदेखि लिएर वन पैदावारको व्यवस्थित बाडँफाड भएको राम्रो उदाहारण हो। २०५८ सालमा रहेको वन क्षेत्र ३९.६% बाट बढेर अहिले २०७३ सालमा ४४.७४% मा पुग्नुमा सामुदायिक वनको पनि निकै ठुलो भुमिका रहेको छ (राष्ट्रिय वन सर्वेक्षण,२०७१) तर समष्टिगत रुपमा दिगो वन व्यवस्थापन भने हुन नसकेको अन्य अध्ययनहरुबाट देखिन्छ। व्यवस्थापन हुन नसक्नुको कारण वनबाट प्राप्त हुने लाभमा गरिब र पिछडिएको वर्गको पहुँच नहुनु , वनमा सुशासन कायम नहुनु, चुरे क्षेत्रमा व्यवस्थापन कर्ताहरुको फरक फरक विचार र धारणा हुनु, ग्रामिण पुर्वाधार विकासमा वातावरणीय पक्षको बेवास्ता गरिनु, सामाजिक समावेशीकरण, निर्णय प्रकृयामा महिला तथा उपेक्षित वर्गको पहुँच नपुग्नु आदि हुन् (छैटौ राष्ट्रिय सामुदायिक वन गोष्ठी, २०७१)। सामुदायिक वन सुरुवातको उद्देश्य विशुद्ध खाली जग्गालाई हरियाली बनाई स्थानीय जनतालाई आवश्यक पर्ने काठ, दाउरा र घासँको आपुर्ति गर्ने थियो। स्थानीय सामुदायिक वन समूहरुले घाँस, दाउरा, पत्कर र पानी जस्ता वन पैदावार पाए तापनि अपेक्षाकृत फाईदाहरु जस्तै - आर्थिक उद्यमशिलता, रोजगारी, कृषि वन, सन्तोषजनक परिमाणमा काठ, दाउरा, पोल र गैरकाष्ठ पैदावार आपुर्ति गर्न तथा अन्य आम्दानीमुलक कार्यहरु गर्ने भन्ने सोचे जस्तो मात्रामा नपाएको अरु अध्ययनले बताएको छ। अहिले उपभोक्ताहरु बीच सामुदायिक वन प्रतिको दृष्टिकोण र निर्भरता पनि बदलिदै गएको छ। वैदेशिक रोजगार, पुजींवाद, कलकारखानाको फैलावट र अन्य परिवर्तनले गर्दा भएको बदलिंदो सामाजिक र आर्थिक चालचलनको परिणाम स्वरुप सामुदायिक वन उपभोक्ता समूहहरुको माग घाँस दाउरामा मात्र सिमित नभई सामुदायिक वन भित्रको जलस्रोत पनि भएको छ।

यस लेखले सामुदायिक वन उपभोक्ता समूहहरुको सामुदायिक वन प्रतिको बदलिदो दृष्टिकोण र निर्भरतालाई विश्लेषण गर्दै यसबाट भविष्यमा उत्पन्न हुन सक्ने द्वन्द निवारण पद्धतिमा अहिले बनेको नयाँ सरकारको कस्तो भुमिका रहेको छ भन्ने कुराको जानकारी दिएको छ। यस परिवेशलाई अहिले नै

१ लेखक रिकफ्टमा सहायक कार्यकारी अधिकृत पदमा कार्यरत हुनुहुन्छ।
२ लेखक रिकफ्टमा ईन्टर्ण पदमा कार्यरत हुनुहुन्छ।

सरोकारवालाहरुको ध्यानमा राखेर कसरी अगाडि बढ्ने र किन जरुरी छ भन्ने कुराको पनि व्याख्या यस लेखमा गरिएको छ ।

## जलस्रोत र सामुदायिक वन

राज्यभित्र भएका कुनै पनि प्रकारका जलस्रोतहरुको स्वामित्व नेपाल सरकारको हुनेछ र निजी जग्गा भित्र पर्ने पानीको मुहानको स्वामित्व पनि राज्यकै हुनेछ तर सम्बन्धित व्यक्तिले चाहेमा सम्पत्ति अधिकार कानुन अर्न्तगत उनीहरु आफैले भोगचलन गर्न सक्नेछन् (Water aid Nepal,2005)। नेपालको वन व्यवस्थापन कार्यपद्धती अन्तर्गत सामुदायिक वन भित्र दोहोरो शासन छ। वनको स्वामित्व उपभोक्तामा भएपनि जग्गा सरकारको स्वामित्वमा रहेको छ । यस सन्दर्भलाई लिएर सामुदाायिक वन भित्र पर्ने पानीको मुहान क-कसले भोगचालन गर्न सक्छन् भन्ने प्रष्ट कानुन नहुनाले द्वन्द सिर्जना हुन थालेको पाईन्छ। जीवनका लागि प्राकृतिक स्रोतहरुको प्रयोग गर्न पाउने अधिकार सर्वोच्च अधिकार हो (नेपालको वन व्यवस्थापन, २०६०) । साथै सामुदायिक वन भित्र अवस्थित पानीको मुहानमा यस समुदायको मात्र नभई पहिलेदेखि भोगचलन गर्दै आईरहेका अन्य वरिपरिका जनताहरुको पनि उत्तिकै अधिकार हुन्छ किनभने सामुदायिक वनले परम्परागत उपभोक्ताहरुको अधिकारको पनि सुनिश्चित गरेको छ भन्ने कुरा सामुदायिक वन मार्गनिर्देशिकामा पनि उल्लेखित छ। यस परिपेक्षलाई लिएर विभिन्न सवालहरु वर्तमान अवस्थामा उठ्ने गरेको देखिएको छ। पहिलादेखि व्यवस्थापन गर्दै आएका उपाभोक्ताहरुले पानीको मुहान उनीहरुको मात्र होईन भन्ने जानकारी पाएपछि के पहिलाको जस्तै गरी सामुदायिक वन व्यवस्थापन गरिरहलान् त  भन्ने प्रश्न भविष्यमा नउठ्ला भन्न सकिन्न (श्रेष्ठ,२०१०) ।

## उदाहरण

काभ्रेपलान्चोक जिल्लामा अवस्थित डिपडोल ईटापु सामुदायिक वनको अध्यनबाट निस्किएको निष्कर्ष अनुसार पहिले यो सामुदायिक वन अरु सामुदायिक वनहरु जस्तै क्रियाशिल अवस्थामा रहेको थियो तर अहिले उपभोक्ताहरुको बदलिदो माग र वनप्रतिको बदलिँदो दृष्टिकोणका कारणले पुरानो क्रियाशिलतामा कमी आउँदै गरेको  पाईएको छ । गाउँको खेतीपाती गर्ने जग्गा केहि बर्षदेखि व्यापक रुपमा घडेरीमा प्लटिङ्ग हुन थालेपछि गाउँमा धेरै पैसा आयो । गाउँलेहरुले गाउँमा ग्याँस उद्योग खोलेपछि दाउराको ठाउँमा ग्याँसको प्रयोग हुन थाल्यो। उनीहरुले गाईभैसीलाई खोलेपनि ग्याँसमा पकाउँछन्। गाउँमा ग्याँस उद्योग खोलेपछि ४० जनाले रोजगार त पाए तर वनको संरक्षणतर्फ उपभोक्ताहरुको चासोमा कमी आई सामुदायिक वन वेवारीसे जस्तै भएको छ । उपभोक्ताहरुको प्राथमिकता अहिले घाँस ,दाउरा र काठबाट सरेर जलस्रोत तथा पानीका मुहानहरु भएका छन् ।

सामुदायिक वन उपभोक्ता समूह बन्नु भन्दा पहिले नै खानेपानीको समिति बनेको थियो। पहिले पानीका स्रोतहरु प्रसस्त थिए तर २०७२ सालको महाभुकम्प पछि सामुदायिक वनमा पानीको मुहानहरु सुकेर अभाव हुन थाल्यो । अहिले उपभोक्ताहरु आफ्नो सामुदायिक वनभित्र भएका पानीका मुहानमा आफ्नो मात्र अधिकार रहेको दाबी गर्न थालेका छन्। त्यस्तै बनेपा नगरपालिकामा अवस्थित सामुदायिक वन भित्रका पानीका मुहानहरु पंचायती व्यवस्थादेखि नै आ-आफ्नो सम्बन्धित समुदायबाट संरक्षण र व्यवस्थापन हुँदै आएको छ तर उपभोग भने अन्य संघ-संस्थान, अस्पताल तथा छिमेकी सा.व.को उपभोक्ताहरुले पनि गरिरहेका छन् । संरक्षण चाहिँ सम्बन्धित उपभोक्ताहरुले गर्ने तर भोगचलन चाहिँ अर्कैले गर्ने भन्ने पहिलो सवाल उत्पन्न भएको पाईएको छ। "काम गर्ने कालु मकै खाने भालु" भन्ने जलस्रोतको सन्दर्भलाई लिएर सामजिक द्वन्द उत्पन्न भएको अवस्था काभ्रेपलान्चोकको डिपडोल ईटापु सामुदायिक वन उपाभोक्ताहरुको माझ छ। पहिलेदेखि भोग चलन गरिआएको पानीको मुहान अब उपभोक्ताहरुले नगरपालिकासँग पनि दाबी गर्न थालेका छन् ।

द्वन्दको सिर्जना कसरी भयो भन्ने विषयमा डिपडोल ईटापु तथा वरपरका अन्य छिमेकी सामुदायिक वनहरुमा गरिएको अध्ययनबाट आएको जानकारी अनुसार समिति भित्र पानीको मुहान अलि हुने खाने र पहुँच भएकाहरुले मात्रै आफ्नो ईच्छा अनुसार भोगचालन गर्दै आएको पाईयो । मुहानबाट व्यक्तिगत घरमा पानी ल्याउनेले सामुहिक धाराबाट पनि पानी ल्याउने गरेका पाईयो । यसरी हेर्दा पहुँचवालाहरुको घरमा २,३ वटा धारा र नहुनेको एउटा पनि धारा नभएको अवस्था देखियो । समुदायभित्रै पनि पिछडिएका र पहुँच नपुगेकाहरु, अब आफ्नो सामुदायिक वनको प्राकृतिक स्रोतमा अरुको सरह आफ्नो पनि समान अधिकार छ भन्दै पानीको मुहान दाबी गर्न थालेका छन् ।

डिपडोल ईटापु सामुदायिक वनको उत्तर तथा दक्षिण भेगमा अवस्थित अन्य सामुदायिक वनहरुको अवस्था पनि लगभग डिपडोल ईटापुको जस्तै रहेको छ । ज्वाला देवी सामुदायिक वन उपभोक्ता समुहको एक उपभोक्ता भन्नुहुन्छ "हाम्रो टोलमा पनि पहुँचवालाको घर घरमा आफ्नै व्यत्तिगत धारा छन् भने हामी नहुनेहरुको ५-७ घरको एउटा धारा छ ।" बनेपा नगरपालिका संस्थानले अति न्युनतम शुल्क तिरेर ती सामुदायिक वनहरुबाट पानीको मुहान उपभोग गरिरहेको तर व्यवस्थापन र मुहान सरसफाईमा भने पटक्कै ध्यान नदिएकाले, उपभोक्ताहरुमा पानीको सर्न्दभलाई लिएर संस्थान प्रति पनि आक्रोस उत्पन्न भइरहेको तथ्य डिपडोलको अध्ययनबाट जानकारी प्राप्त भयो । पानीको मुहान प्रयोग गरेबापत व्यवस्थापन र सरसफाई गर्न पुग्ने रकम सँस्थानले नबुझाएको हुनाले सम्बन्धित सा व का उपोभाक्ताहरु पानीको मुहान व्यवस्थापन गर्नमा त्यत्ति उत्सुक छैनन् । न्युनतम शुल्कमा संस्थानहरुलाई पानी दिनुको सट्टामा समूहभित्र नै भोगचलन गर्न बढि फाईदाजनक रहेका कुरा त्यहाँका उपभोक्ताले बताएका छन् र आफ्नै प्रयोजनको लागि दाबी गर्न थालेका छन् ।

सामुदायिक वन विकास कार्यक्रम नेपालको वन क्षेत्रको विकासको लागि गतिशिल कार्यकमको रुपमा परिचित भैसकेको सर्न्दभमा सामुदायिक वनले विपन्न, दलित, आदिवासी, जनजाती, महिला एवं पिछडीएका एवं परमपरागत उपभोक्ताको सक्रिय सहभागिता तथा अधिकार सुनिश्चित गर्ने दिशामा लागेको छ (केसी तथा साथीहरु, २००९) सामुदायिक वनले माथि उल्लेखित सबै किसिमका उपभोक्ताहरुको हक सुनिश्चित गरेको छ । यसबाट के पुष्टि हुन्छ भने सबैसँग बराबर हक र अधिकार छ तर उपभोक्ता समूह भित्रै सिर्जित हुने खाने र भए खाने बीचको द्वन्दले गर्दा पछि ठुलो रुप लिएर परम्परागत अन्य उपभोक्ताहरु माझ पनि द्वन्द हुने स्थिति देखिन्छ ।

पहुँचताले सिर्जीत समूह भित्रको आन्तरिक द्वन्द अनि यसले निम्त्याएको सामुदायिक वनहरु र संस्थान बीचको मतभेदले पहिलेदेखि भोगचलन गर्दै आएका बनेपाली बासिन्दाहरुको भविष्य मारमा पर्ने देखिन्छ । उपभोक्ता समूह भित्रै पनि उच्च वर्ग र पहुँच हुनेले मात्र ईच्छा अनुरुप जलस्रोत भोगचलन गर्ने पद्धतिलाई मध्यनजरमा राखेर पिछाडिएका वर्गहरुलाई पनि समान अधिकार दिलाउने तर्फ लाग्नुपर्ने देखिन्छ । "ठुलालाई चैन र सानालाई ऐन" हुनु हुदैन, जो सुकैबाट गरिने कार्यहरु पनि कानुनको उचित प्रक्रिया अर्थात् कानुनद्वारा स्थापित कार्यविधि अनुसार मात्र गरिएको हुनुपर्छ र त्यो कानुन नेपालको फेरिदै गएको अवस्थामा नयाँ ढंगले अगाडि प्रस्तुत हुनुपर्छ भन्ने यो लेखको पनि मान्यता रहेको हो ।

वैदेशिक रोजगारले गर्दा आर्थिक परिवर्तन भएको छ र पैसाको महत्त्व अहिले बढेको छ । अब गाँउघरमा पनि व्यापार, होटल आदि हुनुपर्छ भन्ने कुराको विकास भएको छ (श्रेष्ठ, २०७१) । अहिले सामुदायिक वनहरुको अर्न्तगत आफ्नो वनको कच्चा पदार्थमा आधारित वन उद्यम संचालन हुनुपर्छ भन्ने विचार पनि फैलिदै गएको छ । त्यसैगरि ईटापु सामुदायिक वनको उपभोक्ताहरुको वन संरक्षण सम्बन्धी उद्देश्यहरु पनि समय साक्षेप परिवर्तन भईरहेको र समय सान्दर्भिक माग र आवश्यकता अनुसार भोगचलन सम्बन्धी सवालहरु उत्पन्न भएको देखिन्छ । लाभको बाँडफाड र समय साक्षेप फाईदा लिने मानसिकता उपभोक्ताहरु माझ भएको देखिन्छ । राष्ट्र संघीयतामा गएदेखि नेपाल

सरकारको कार्य प्रणाली तथा कार्यालय संरचनाहरु अहिले परिवर्तन भईरहेको छ। वन सम्बर्धनको विषयमा देशमा विभिन्न मुद्दाहरु बहस भईरहेको क्रममा सामुदायिक वन भित्र रहेको जलस्रोतको सन्दर्भलाई पनि समावेश हुनुपर्छ। स्थानीय तहमा समयसाक्षेप नयाँ नीति तथा नियम बनाउने कार्यहरु धमाधम संचालन भईरहेका छन्। यो हाम्रो लागि समय साक्षेप नयाँ नीति-नियम निर्माण गर्ने सुनौलो अवसर हुन सक्दछ। यदि नीति नियम बनाउने क्रममा प्राकृतिक स्रोत व्यवस्थापनलाई समावेश गरिएन भने दिगो विकासको परिकल्पना सम्भव छैन। दिगोपनाको लागि प्राकृतिक स्रोत परिचालन र हक भोगलाई लिएर स्थानिय सरकारले स्पष्ट कानुन बनाउन अत्यावश्यक देखिन्छ।

## निष्कर्ष

सर्वप्रथम, त व्यक्तिगत रुपमा सामुदायिक वन भित्र जोडिएका पाईपहरुलाई सामुहिक गर्नुपर्छ अनि पानीको मुहान संरक्षण गर्ने नियम बनाउनु पर्छ। शहरीकरण बढ्दै गएकोले भविष्यमा पानीबाट उत्पन्न हुनसक्ने द्वन्दलाई न्यूनीकरण गर्न सबै सरकारी, गैर सरकारी, सामुदायिक र सम्बन्धित सरोकारवालाहरु बीच चाडैं नै वहसको थालनी गर्नुपर्छ। सामुदायिक वन भित्रको जलस्रोत सम्बन्धित भोगचलन पद्धतिलाई प्रष्ट रुपमा कार्ययोजनामा उल्लेख गरेको देखिदैन। अहिले सिर्जित द्वन्दको अवस्थालाई पनि सम्बन्धित सरोकारवालाहरुले ध्यान दिएको देखिदैन। सामुदायिक वन एउटा प्राकृतिक स्रोत भएकाले यस्तो स्रोत माथिको पहुँच तथा अधिकारको विषयलाई लिएर प्रशस्तै द्वन्दात्मक सवालहरु सृजना भईरहन्छ। तसर्थ, यस्ता सवालहरुमा विरोधाभाषहरु भईरहनु पनि स्वभाविक हो। तर, उत्पन्न भएका द्वन्दलाई समयमै ध्यान दिईएन भने भविष्यमा झन् बढि जटिल अवस्थाको सिर्जना हुन्छ। जलस्रोतको सन्र्दभलाई लिएर स्थानीय स्तरमा न्यायप्रदायक नीति नियम बनाएमा मात्रै द्वन्दको सिर्जना नहुने र दिगो व्यवस्थापन हुनेछ भन्ने कुरामा कुनै दुई मत छैन। यदि नीति नियम बनाउने क्रममा प्राकृतिक स्रोत व्यवस्थापनलाई समावेश गरिएन भने दिगो विकासको परिकल्पना सम्भव छैन। दिगोपनको लागि प्राकृतिक स्रोत परिचालनका साथसाथै हकभोग पद्धतिलाई लिएर स्थानिय सरकारले स्पष्ट कानुन बनाउन अत्यावश्क देखिन्छ।

जलस्रोत भोगचलनको सर्न्दभलाई लिएर एउटा प्रष्ट व्यवस्थापन प्रणाली निर्माण गरी कार्यान्वयन गर्न अत्यावश्यक देखिन्छ। यसरी बढ्दै गएको शहरीकरण र उपभोक्ताहरुको बदलिदो मागहरुलाई मध्यनजर गरेर व्यवस्थापन कार्यलाई अगाडी बढाउन र विकल्पहरु अपनाउन सकिएन भने पछि यसले जटील समस्याको रूपधारण गर्ने देखिन्छ।

## सन्दर्भ सामाग्री


**Shrestha, K.** 2071.*Community Forestry from yesterday to tomorrow and main policy of future*, P (243-253)

**Dhakal, S.R.** 2074/075. नेपालका विविध वन व्यवस्थापन पद्दतिहरुको तथ्याँकीय झलक. Forest Department, Babarmahal: I (18)

**K.C., B., Gentle, P. and Goutam, K.R.** 2009*:Are major actors committed to improving governance and equity in community forestry in Nepal?( A study of the implementation status of community forestry guideline 2009)*

**Water Aid Nepal.** 2005. *State ownership of water resources.* Lalitpur, Nepal : P(8)

**Department of forest research and survey (DFRS).** 2017. *District forest cover map of Nepal* (2017), DFRS, Kathmandu.

**DOF**. 2071.छैटौ राष्ट्रिय सामुदायिक वन गोष्ठी . Babarmahal, Kathamandu: P(25)

**Shrestha, R.B.** 2071. Future of Community Forestry in Federal system of Nepal.

**Shrestha,** R.S. 2010. Fedralism and water resources in Nepal, Jankari Patra, March-April.